**महत्वपूर्ण व्यावसायिक व्यक्ति (CIP) को सूची उपर दावी विरोध गर्ने सम्वन्धी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पुल्चोकको सूचना**

(प्रकाशित मिति २०८२/३/१८ गते बुधबार)

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मिति २०८२/०३/०६ गतेको पत्रमा उल्लेख भए अनुसार मिति २०८२/२/२५ गतेको निर्णय बमोजिम महत्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person – CIP) छनौट, सम्मान एवम् सुविधा सम्वन्धी कार्यविधि-२०७४ को दफा ६ बमोजिमको छनौट तथा सिफारिस उपसमितिको मिति २०८२/३/६ को निर्णय अनुसार सार्वजनिक रुपमा आव्हान गरेको सुचना बमोजिम योग्य देखिएका संघ/संस्था/फर्म/कम्पनी/व्यावसयिक व्यक्ति यसै कार्यविधिको दफा १० बमोजिमको सूची उपर कसैको दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रित पुर्वकको निवेदन यस केन्द्रको वेभसाइटमा प्रकाशित ढाँचामा उल्लेखित प्रमाणहरु सहित दावी विरोध गर्न हुन सूचित गरिएको छ। साथै, म्याद नाघि प्राप्त वा कुनै पनि दावी विरोध नपरेको खण्डमा सूची अनुसार सिफारिश गरिने व्यहोरा सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

| **क्षेत्र/विधाहरु** | **दावी विरोधको लागि छनौट भएका व्यवसायिक कम्पनी/फर्मको नाम** |
|---|---|
| तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा रु १ अर्ब वा सो भन्दा बढी निकासी गर्ने उद्योग, संस्था, फर्म वा कम्पनीहरु। | त्रिवेणी स्पिनिङ मिल्स लि |
| | द साँग्रिला कार्पेट एण्ड ह्याण्डीक्राफ्ट ईण्डस्ट्रीज प्रा ली |
| | एभरेष्ट फेसन |
| **व्यवसायीका प्रतिनिधिमुलक वस्तुगत सँघतर्फ :** तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा कुल रु ५ अर्ब वा सो भन्दा बढी निर्यात गर्ने वस्तुगत संघका अध्यक्षहरुलाई मानार्थ। | नेपाल छुर्पी व्यवसायी सँघ् |
| | नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता सँघ |
| | नेपाल तयारी पोशाक उद्योग सँघ |
| | नेपाल ऊनी फेल्ट उत्पादनक तथा निर्यातक सँघ |
| **व्यवसायीका प्रतिनिधिमुलक महासंघतर्फ :** कार्यविधिको दफा ५ उपदफा १(ज) मा उल्लेखित संस्थाहरु बाहेकका महासंघसंग आवद्ध भएका प्रतिनिधिमूलक वस्तुगत संघसंग सम्बन्धित वस्तुहरु तेश्रो मुलुकतर्फ आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा कुल रु १५ अर्ब वा सो भन्दा बढी निर्यात गर्ने महासंघका अध्यक्षहरुलाई मानार्थ। | नेपाल हस्तकला महासँघ |
| | निर्यात व्यवसायी महाँसघ नेपाल |
| तोकिएको निकायमा उद्योग दर्ता भई **राष्ट्रिय स्टार्टअप उद्यम** नीति २०८० अन्तर्गतको परिभाषा भित्र पर्ने आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा रु चार करोड वा सो भन्दा बढी वस्तु वा सेवा निकासी गर्ने स्टार्टअप। तर महिला उद्यमीको हकमा रु दुई करोड वा सो भन्दा निर्यात गर्ने स्टार्टअप। | माइण्डफुल क्राफ्ट प्रा ली |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल